# "खसी बोका संकलन केन्द्र संचालन कार्यबिधि २०८०"

## प्रस्तावना

नेपाल कृषि प्रधान देश हो। नेपालका अधिकांश कृषकहरुको मुख्य पेशा पशुपालन तथा अन्य कृषि कर्म हुन। नेपाल राज्यको लुम्बिनी प्रदेस् अन्तर्गत रुपन्देही जिल्लामा रहेको सियारी गाउँपालिकाका कृषकहरुको पनि मुख्य पेशा भनेको कृषि र पशुपालन नै हो। सियारी गाउँपालिकाबाट वडा न. २ मा सियारी च्यांगठा पशु हाट बजार संचालन भईरहेकोमा सोहि स्थानमा सियारी गाउँपालिका अन्तर्गतका बाख्रा पालक कृषकहरुले सहज रुपमा खसी बोका बिक्रि गर्न पाउन र आय आर्जनमा सहयोग पुर्याउने उद्देश्यका साथ सियारी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम **"खसी बोका संकलन केन्द्र संचालन कार्यबिधि २०८०"** जारि गरेको छ ।

## परिच्छेद १

1. संक्षिप्त नाम र प्रारम्भ
   1. यो कार्यविधिको नाम **"खसी बोका संकलन केन्द्र संचालन कार्यबिधि २०८०"** हुनेछ।
   2. यो कार्यविधि सियारी गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।
2. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा
   1. "गाउँपालिका" भन्नाले सियारी गाउँपालिकालाई सम्झनु पर्दछ।
   2. "सम्बन्धित कार्यालय" भन्नाले सियारी गाउँपालिका आर्थिक बिकास शाखा, पशुसेवा एकाईलाई सम्झनु पर्दछ। र सो शब्दले गाउँपालिका अन्तर्गत वडामा रहेका पशु सेवा सम्पर्क इकाईलाई समेत जनाउदछ।
   3. " बजार " भन्नाले सियारी गाउँपालिका वडा न. २ मा रहेको इयारी च्यांगठा पशु हाट बजारलाई सम्झनु पर्नेछ।
   4. "डेरी" भन्नाले दुग्ध उत्पादक सहकारी संस्था, निजि डेरी,पशुपालन फर्मले संचालन गरेका दुग्ध संकलन केन्द्रलाई सम्झनु पर्दछ।
   5. "कृषक समुह/कृषि सहकारी" भन्नाले सियारी गाउँपालिका अन्तर्गत दर्ता भई सियारी गाउँपालिकामा कार्यरत कृषक अमुह वा कृषि सहकारी संस्था लाई सम्झनु पर्नेछ।
3. उद्देश्य
   1. खसी बोका, बाख्राको बजारीकरणमा सहयोग पुर्याई उत्पादन वृद्धि तथा आय आर्जनमा वृद्धि गर्नु ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रक्रिया

4. **कार्यक्रम कार्यान्वयन र संचालन**

1. यो कार्यक्रम संचालनको लागि सियारी गाउँपालिका आर्थिक बिकास शाखाले १५ दिने सुचना प्रकासन गर्नेछ ।
2. प्रकासित सुचनामा प्रस्ताव पेश गर्न सियारी गाउँपालिका अन्तर्गत रहेका कृषक समुह/कृषि सहकारी संस्था योग्य हुनेछन ।
3. प्रस्ताव पेश गर्दा प्रस्तावकले तपसिल अनुसारका कागजात पेश गर्नु पर्नेछ ।
    1. दर्ता प्रमाण पत्रको प्रतिलिपि
    2. कर चुक्ता प्रमाण पत्र
    3. पान दर्ताको प्रतिलिपि
    4. लेखा परीक्षण प्रतिबेदन
    5. सहकार्यको प्रस्ताव
4. यसरि प्राप्त प्रस्ताव उपर सियारी गाउँपालिका, आर्थिक बिकास समितिले छानबिन गरि प्रस्ताव छनौटको ल्लागी सियारी गाउँपालिका, गाउँकार्यपालिकाको बैठकमा पेश गर्नेछ र कार्यपालिकाको निर्णय अनुसार प्रस्तावको छनौट गरिनेछ ।
5. प्रस्ताब छनौट भई सके पछी प्रस्तावक संग खसी बोका संकलन को लागि लिखित सम्झौता गरिनेछ र यो सम्झौता बढीमा ३ बर्षको रहनेछ ।
6. सम्झौता सम्पन्त्र भई सकेपछी सियारी गाउँपालिकाको तर्फ बाट कृषि सहकारी संस्थालाई बिउ पूजीको रुपमा संझौत अवधि सकिए पछी फिर्ता गर्ने गरि रु. ५ लाख उपलब्ध गराउनेछ र हाट बजारमा खसी बोका संकलन केन्द्र निर्माण गरिदिने कार्य सियारी गाउँपालिकाले गर्नेछ ।
7. कृषि सहकारीले मासिक रुपमा प्रगति प्रतिबेदन सियारी गाउँपालिका आर्थिक बिकास शाखामा पेश गर्नु पर्ने छ ।
8. खसी बोका संचालन सम्बन्धि अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।

## परिच्छेद -३
## बिबिध

5. कार्यबिधि संसोधन तथा खारेजी : सियारी गाउँपालिकाले आर्थिक बिकास शाखाको सिफारिसमा कार्यविधि संसोधन तथा खारेजी गर्न सक्नेछ ।
6. माथि जे सुकै लेखिएको भएको भए पनि उल्लेख भएको भए कार्यविधि बमोजिम र उल्लेख नभएको भए गाउँपालिकाको निर्णय अनुसार हुनेछ ।
7. यस कार्य बिधि बमोजिम कार्यक्रम संचालन गर्दा कुनै बाधा अड्चन भएमा सियारी गाउँपालिकाले निर्णय गरि बाधा अड्चन फुकाउन सक्नेछ ।